# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः— २०७८/०४/११)

तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, दोलखाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, बागमति प्रदेश सरकारको आर्थिक ऐन २०७८ को दफा ९ (१) को अनुसुचि ५ तथा यस गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०७८/०३/०५ को बैठकको सिफारिस वमोजिम आ.व. २०७८/७९ को लागि देहाय बमोजिमका ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले गाउँ कार्यपालिकाबाट तोकिएको रेटमा तामाकोशी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित मध्ये देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदि जन्य पदार्थहरुको संकलन तथा विक्री करहरुको असुली सम्बन्धी कार्यहरु गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सुचना प्रकाशित मितिले ३१ औं दिनभित्र यस कार्यालयको लक्ष्मी बैंक लि. तामाकोशी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १२७०३०००१४२ मा बोलपत्र दस्तुर वापतको रु ३०००।०० तीन हजार (फिर्ता नहुने गरि) नगद जम्मा गरेको भौचरको Scan कपि र चालु आ.व. मा नविकरण भएको ईजाजतपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी ३१ औं दिन (मिति २०७८/०५/०९) दिनको १२:०० बजेसम्म लक्ष्मी बैंक लि. तामाकोशी शाखामा रहेको धरौटि खाता नं. १२७०३००००२३ खातामा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकहरुबाट जारी गरेको १२० दिनको म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत प्रत्येक ठेक्का शीर्षकको छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्नेछ । रितपुर्वक पर्न आएका बोलपत्रहरु ३१ औ. दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क. सं. | ठेक्का नं. | ठेक्का शिर्षक | परिमाण (घ.मि) | धरौटी रकम | न्युनतम ठेक्का रकम (मु.अ.कर वाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | 01/NCB/TRM/ Goods/2078-079 | बालुवा, गिट्टि,रोडा,ग्राभेल र लोहोरे ढुङ्गा कर:- तामाकोशी नदिको वायाँ पट्टि रहेको गोपिखोला तथा तामाकोशी क्षेत्र ( २७°३६'४१.४३" देखि, २७°३६'३४.७०", उत्तरी अक्षांश ८६°४'३२.२२" देखि, ८६°४'४१.७२",पूर्वि देशान्तर सम्म | १४१०८.०० | १५२०००.०० | ४४,८०,८४१.८८ | ३०००/- |
| २ | 02/NCB/TRM/ Goods/2078-079 | बालुवा, गिट्टि,रोडा,ग्राभेल र लोहोरे ढुङ्गा कर:- तामाकोशी नदिको वायाँ पट्टि रहेको ढोलिखोला तथा तामाकोशी क्षेत्र ( २७°३४'३४.११" देखि, २७°३४'१८.११", उत्तरी अक्षांश ८६°०५'०४.८६" देखि, ८६°०५'०६.७९",पूर्वि देशान्तर सम्म | ५५,२६१.०० | ५९५०००.०० | १७,५५१,४४६.२१ | ३०००/- |
| ३ | 03/NCB/TRM/ Goods/2078-079 | बालुवा, गिट्टि,रोडा,ग्राभेल र लोहोरे ढुङ्गा कर:- तामाकोशी नदिको वायाँ पट्टि रहेको खिम्तिखोला तथा तामाकोशी क्षेत्र ( २७°२८'३९.५४" देखि, २७°२८'२६.८२", उत्तरी अक्षांश ८६°०६'५४.९०" देखि, ८६°०६'४७.३१",पूर्वि देशान्तर सम्म | ४०,७८४.०० | ४४०,०००.०० | १२,९५३,४०६.२४ | ३०००/- |

**ठेक्काका शर्तहरु:**

१. सुचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे सम्म E-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.com मा Annex to Bidding Data sheet for provision of E-Bidding मा सबै कागजातहरु Scan गरि PDF format मा Upload गर्नुपर्ने छ।

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र तामाकोशी गाउँपालिकाको समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्ने छ।

३. बोलपत्र स्वीकृत भएमा सो को सूचना दिईनेछ । सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र कबोल अङ्कको कम्तिमा २० प्रतिशत (मु.अ.क.सहित) ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको लक्ष्मी बैंक लिमिटेड, तामाकोशी शाखा कार्यालय रहेको विभाज्य कोष खाता नं. १२७०३००००३२ मा जम्मा गरेको सक्कल भौचर र बाँकी कबोल अङ्कको ८० प्रतिशत (मु.अ.क. सहित) को लागि यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकले जारी गरेको मिति २०७९ असार मसान्तसम्म म्याद भएको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) सक्कल प्रति पेश भएपछि प्रचलित कानून बमोजिम पट्टा उपलब्ध गराईने छ ।

४. बाँकी रहने ८० प्रतिशत (मु.अ.क. सहित) रकमलाई १०० प्रतिशत मानी ५० प्रतिशतले हुन आउने रकम २०७८ पुष मसान्तसम्ममा र बाँकी ५० प्रतिशतले हुन आउने रकम २०७९ बैशाख मसान्तसम्म बुझाई सक्नु पर्नेछ । तोकिएको म्याद भित्र किस्ता नबुझाएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) बाट असुली गरिनेछ ।

५. तोकिएको म्याद भित्र प्रक्रिया पुरा गरी पट्टा लिन नआएमा बोलपत्रदाताबाट राखिएको धरौटी रकम जफत हुनेछ ।

६. वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहोरे ढुंगा आदि उत्खनन् गर्दा नागरिकको घर, जग्गा, कुलो, बाँध, भवन, सडक लगायत अन्य सार्वजनिक पूर्वाधार र वन लगायतलाई क्षती हुने गरी वातावरणीय दृष्टिकोणले संवेदनशिल क्षेत्रमा निकाल्न पाइने छैन । वालुवा, गिट्टी,, रोडा, ग्राभेल, लोहरे ढुंगा तथा उत्खनन् गर्दा तामाकोशी नदीबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा संकलन तथा उत्खनन् कार्यका लागि तामाकोशी गाउँपालिकाको कार्यालय दोलखाबाट २ वर्षको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन—२०७८ मा भएको व्यवस्थाको अनिवार्य पालन गर्नुपर्नेछ ।

७. ठेकदार र गाउँ कार्यपालिका वीच ठेक्का सर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

८. वालुवा, गिट्टी, रोडा, ग्राभेल, लोहरे ढुङ्गा निकासा गर्ने बाटोको सामान्य मर्मतको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ । सो वापत खर्चको दावी गर्न पाईने छैन ।

९. यस तामाकोशी गाउँपालिकामा वक्यौता तिर्न बाँकी रहेका व्यक्ति, फर्म वा कम्पनिले पुरानो बाँकी चुक्ता नगर्दासम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

१०. एक स्थानीय तहमा कर दस्तुर बुझाइसकेको प्रमाण पेश गरेमा पुनः कर लिन पाइने छैन ।

११. यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**